# श्री कालिका माध्यमिक विद्यालय

# SHREE KALIKA SECONDARY SCHOOL

तामाकोसी गाउँपालिका-७, हाँवा, दोलखा
Tamakoshi Rural Municipality-7, Hanwa, Dolakha
स्था:२०३१/Estd:2031

पत्र संख्या/Ref No.: २०८२/०८३ | वि.कोड २२०२०००३
चलानी नं./Dispatch No: १४५ | मिति/Date:- २०८३/०३/३०

सूचना ! सूचना !! सूचना !!!

**विषय : शिक्षक सरुवाको लागि दरखास्त आव्हान सम्बन्धमा।**

प्रस्तुत विषयमा तामाकोसी गाँउपालिका वडा नं.-७, हाँवा, दोलखा स्थित यस श्री कालिका माध्यमिक विद्यालयमा प्रा. वि. तह, तृतीय श्रेणीको एक (१) शिक्षक दरवन्दी रिक्त रहेको हुँदा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली-२०५९ (दशौं संशोधन, २०८३) को सरुवा सम्वन्धी व्यवस्था बमोजिम उक्त दरवन्दी शिक्षक सरुवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह, तृतीय श्रेणीको स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाका लागि इच्छुक शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र सरुवा सहमतिका लागि निवेदन आव्हान गरिएको छ ।

**तपसिल**

तह : प्राथमिक

निवेदन पेस गर्ने समय : २०८३/०३/३० गतेदेखि २०८३/०४/१३ गतेसम्म

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. सरुवाका लागि निवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
४. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात ।
५. सम्वन्धित विद्यालयबाट सरुवा भई जाने र आउने विद्यालयको सरुवा सहमति पत्र ।
६. सम्वन्धित स्थानीय तहको सहमति पत्र ।
७. शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ वमोजिमको फाराम ।

नोट : उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली-२०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुन वमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी वढाइने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थ :**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ चरिकोट, दोलखा- जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
२. श्री शिक्षा, युवा तथा खेलकूद शाखा, तामाकोसी गाउँपालिका जफे, दोलखा- जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।
३. श्री तामाकोसी गाउँपालिका, ७ नं. वडा कार्यालय, हाँवा, दोलखा- जानकारीका लागि ।
४. विद्यालयको सूचना पाटी तथा फेसवुक पेज- प्रकाशनका लागि ।

थप जानकारीका लागि सम्पर्क नं.: ९८४१४२७६७७ (प्रधानाध्यापक)/९८६०८४३४७१ (वि.व्य.स.अध्यक्ष)
E-mail : kalikass.trm@gmail.com

२०८३/०३/३०
भरत मुखिया
प्रधानाध्यापक